# परिच्छेद–दुई
# गुल्मी जिल्लाको परिचय

## २.१ ऐतिहासिक पृष्ठभूमि

नेपाल अधिराज्यलाई पाँच विकास क्षेत्र, चौध अञ्चल  र पचहत्तर जिल्लामा विभाजन गरिएको छ । गुल्मी जिल्ला पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने लुम्बिनी अञ्चलमा रहेको एउटा पहाडी जिल्ला हो । नेपाल एकीकरण हुनुभन्दा अगाडि बाइसे चौविसे राज्यमध्ये गण्डकी क्षेत्रमा पर्ने चौविसे राज्यअन्तर्गत धुर्कोट, इस्मा, गुल्मी, मुसिकोट गरी चार राज्य हालको गुल्मी जिल्लामा पर्दथे । पश्चिममा खस राज्यको पतन पश्चात मल्ल राज्यहरू टुक्रिएर गण्डकी क्षेत्रमा पर्ने चौविसे राज्यको स्थापना हुने क्रममा यी राज्यहरू स्थापना भएका थिए । गुल्मी राज्यका प्रथम राजा वीर शाह थिए । वि.सं १४९३ मा गुल्मी राज्यको स्थापना भएको मानिन्छ । वि.सं.१५५० तिर चन्द्रवंशी राजाहरूले मुसिकोट र इस्मा राज्यको स्थापना गरेका थिए । वि. सं. १४६५ मा सुर्यवंशी राजा खड्क राज मल्लले धुर्कोट राज्यमा राज्य गरेका थिए ।[१]

प्राचीन समयमा लिच्छवीहरूको अधीनमा रहेको गुल्मी समयको अन्तरालमा ४ वटा राज्यमा विभक्त भएपछि यिनीहरू बीच आपसी मैत्री सम्बन्ध प्रगाढ  थिएन । अठारौं शताब्दीमा पाल्पाका राजा मुकुन्द सेन द्वितीयका पालामा पाल्पा, गुल्मी र अर्घाखाँची मिलेर मगर राज्य बलिहवामाथि हमला गरी विजय प्राप्त गरेको भूभाग आपसमा बाँडेका थिए ।[२] पाल्पाका राजा महादत्त सेन र नायव बहादुर शाहको संयुक्त प्रयासवाट बाइसे चौविसे राज्य एकिकरण गर्ने क्रममा गुल्मी र खाँचीलाई पराजित गरी बहादुर शाहले यी राज्य पाल्पालाई दिएका थिए ।  कूटनीतिमा सफल गुल्मेली राजा शिव शाहले आफ्नी नातिनी राजेश्वरी को विवाह रणबहादुर शाहसँग गरिदिएपछि फेरि पाल्पावाट गुल्मीलाई स्वतन्त्र बनाइएको  थियो । वि.सं. १८६३ को नेपाल एकीकरणको अन्तिम महत्त्वपूर्ण कार्य भिमसेन थापाले चालेपछि पाल्पा, खाँची, अर्घासँगै गुल्मी पनि सदाको लागि विशाल नेपालमा एकीकरण हुन पुगेकोथियो । इस्मा, मुसिकोट र धुर्कोट राज्यलाई भने पछि बहादुर शाह र दामोदर पाण्डेले विशाल नेपालमा मिलाएका थिए ।

यसरी विशाल नेपालमा गाभिन पुगेको गुल्मी जिल्लामा अहिले आएर धेरै परिवर्तन भएको छ । यस जिल्लाका धेरै जसो मानिस खेतीपाती तथा पशुपालनमा व्यस्त रहन्छन र विकास निर्माणको काममा पनि आफुलाई समर्पित गरिरहेका देखिन्छन । त्यस्तै वैदेशिक रोजगार, व्यापारमा यहाँको जनशक्ति लागेको देखिन्छ भने सरकारी सेवामा पनि गुल्मेलीहरूको आफ्नै पहिचान छ ।

गुल्मी जिल्लामा हाल विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्था र नेपाल सरकारद्वारा विभिन्न कार्यक्रम संचालन भईरहेका छन् । विकासका पूर्वाधारहरू शिक्षा, स्वास्थ्य, संचार, यातायात, विद्युत, खानेपानी, बाणिज्यवजार जस्ता आयामहरू क्रमस निर्माण हुने चरणमा रहेकाछन् । जिल्लाको रिडीदेखि सदरमुकाम तम्घाससम्मको वाटो कालोपत्रे भइसकेको छ भने गाउँगाउँसम्म कच्ची वाटो पुऱ्याउने काम भइरहेको छ ।

विकासको साथसाथै अधुनिकतातर्फ अग्रसर यस जिल्लामा विभिन्न ऐतिहासिक पर्यटक स्थल र धार्मिक स्थलहरू रहेका छन् । यी मध्ये रेसुङ्गा तपोभूमि, कालीगण्डकी, ऋष्यश्रृंगाश्रम, मालिका जस्ता स्थल धार्मिक दृष्टिले महत्त्वपुर्ण रहेका छन भने धुर्कोट, चारपाल, मानकोट, शान्तिपुर,

---

[१] डा. राजाराम सुवेदी, **गुल्मी जिल्लाको ऐतिहासिक झलक** (गुल्मी, किरण पुस्तकालय, २०५५), पृ. ४७ ।

[२] डा. राजाराम सुवेदी, **पूर्ववत्** पृ. ६९ ।

दरवारदेवीस्थान, इस्मा जस्ता एतिहासिक स्थलहरू यसै जिल्लामा पर्दछन् । रेसुङ्गा, रिडी, विचित्र गुफा, पुर्कोट जस्ता पर्यटकीय स्थलहरू पनि यस जिल्लामा पर्दछन् ।

## २.२ भौगोलिक स्थिति

भौगोलिक अवस्थितिका दृष्टिले गुल्मी जिल्ला नेपालको पहाडी प्रदेशको खास गरेर हिमालयपर्वत श्रृंखला भन्दा तल र चुरेपर्वत श्रृंखलाभन्दा माथि महाभारत पर्वत श्रृंखलामा रहेको छ । यस जिल्लामा अग्लाअग्ला पर्वत, लेक, डाँडाहरू रहेका छन् भने साथमा खोला र नदीको बहावक्षेत्रमा सम्म परेको वेसी, फाँटहरू र टारहरू रहेको छन् । यसरी हेर्दा गुल्मी जिल्ला भौगोलिक दृष्टिले समान नभई असमानरूपमा रहेको देखिन्छ ।

### २.२.१ क्षेत्रफल र सिमाना

अक्षांसका हिसावले २७$^{0}$ २५' उत्तरी आक्षांस देखि २८$^{0}$ २७' उत्तरी अक्षांस र देशान्तर का हिसाबले ८३$^{0}$ १० ' पूर्वी देशान्तर देखि ८३$^{0}$ ३५' पूर्वी देशान्तर सम्म फैलिएको गुल्मी जिल्लाको क्षेत्रफल १,२४९.३७ वर्ग कि.मि. रहेको छ । समुद्र सतहवाट ४६५ मिटर उचाइदेखि (रिडी) २६९० मिटर उचाइ (थाप्लेको लेक) सम्म रहेको छ । गुल्मी जिल्लाको लम्बाई पूर्व पश्चिम ४० कि.मी. र उत्तर दक्षिण ३० कि.मी जती रहेको छ । यस जिल्लाको सिमाना पूर्व स्याङजा र पर्वत, पश्चिममा प्यूठान उत्तरमा वाग्लुङ्ग र दक्षिणमा अर्घाखाँची र पाल्पा जिल्लासँग जोडिएको छ ।[३]

### २.२.२ धरतलीय स्वरूप

गुल्मी जिल्ला धरातलको हिसाबले एकनासको छैन । धरातलीय स्वरूपको आधारमा गुल्मी जिल्लालाई दुई भागमा वाँड्न सक्निछ ।

१) पहाडी भाग

२) वेसी भाग

#### २.२.२.१ पहाडी भाग

गुल्मी जिल्लाको ७५% क्षेत्र पहाडी भागले ओगटेको छ । यस जिल्लाको अधिकांश जनसंख्या पहाडी भागअन्तर्गत नै बसोबास गरेको पाइन्छ । अलिक उचाईक्षेत्रमा भने मानिसको बसोबास न्यून पाइन्छ । यस भागमा पाखो बारी बढी हुने हुँदा यहाँका बासिन्दाले मकै, कोदो, धान, जौ, गहुँ, भटमास, फापरको खेती वढी गर्दछन् । सुन्तला, कागती, नासपाती, आँप लगायतका फलफूलहरू यस भागमा पाइन्छन् । यस जिल्लाका उच्च पहाडहरूमा, थाप्लेको लेक, रेसुङ्गा, मदानेको लेक, मालिकाको लेक वामी दहको लेक मुख्य हुन् ।

#### २.२.२.२ बेसी भाग

गुल्मी जिल्लाको झण्डै २५% क्षेत्र बेसी भागले ओगटेको छ । पहाडको फेदी, नदी र खोलाको किनारहरूमा रहेका बेसीहरू र टारहरू यहाँका महत्त्वपूर्ण क्षेत्रहरू हुन् । यस भागमा उच्च ताप, सिचाइको सुविधा, मलिलो माटोका कारण कृषि उत्पादनमा अगाडि रहेको छ । यी भूभागहरूमा धान, गहुँ, मकै उत्पादन हुन्छ । आलु, काउली, बन्दा जस्ता तरकारी खेती हुन्छन् भने कटहर, केरा, आँप,

---

[३] **दीप ज्योति** ( गुल्मी, कर्मचारी मिलन केन्द्र, वर्ष १९, २०६०) पृ १ ।

लिची जस्ता फलफूल उत्पादन हुन्छन् । बेसी भाग अन्तर्गत चौरासी फाँट, मजुवाफाँट, आँपचौर, घर्तीफाँट, हरेवा प्रसिद्ध छन् ।

**२.२.३ हावापानी**

गुल्मी जिल्लाको धरातलीय स्वरूप एकनास नभएकोले यहाँको हावापानी पनि फरक फरक पाइन्छ । यहाँको हावापानीलाई ३ भागमा बाँड्न सकिन्छ ।

१) उष्ण मनसुनी जलवायु  २) अर्घोष्ण जलवायु  ३) शीतोष्ण जलवायु

**२.२.३.१ उष्ण मनसुनी जलवायु**

समुद्री सतहवाट १५२५ फिट देखि ३००० फिट सम्मको उचाइमा यस किसिमको जलवायु पाइन्छ । हिउँदमा न्यानो रहने यस क्षेत्रमा ग्रीष्ममा ३५$^{0}$सम्म तापक्रम पुग्ने हुनाले निकै गर्मी हुन्छ ।

**२.२.३.२ अर्घोष्ण जलवायु**

समुद्री सतहवाट ३००० फिट देखि ७००० फिटसम्मको उचाइमा यस किसिमको जलवायु पाइन्छ । गर्मीमा हावापानी न्यानो पाइन्छ भने जाडोमा ५$^{0}$सम्म तापक्रम झर्ने हुँदा जाडो हुन्छ ।

**२.२.३.२ शीतोष्ण जलवायु**

समुद्री सतहवाट ७००० फिट देखि ७९००० फिट सम्म प्राप्तहुने यस किसिमको हावापानी हिउदमा ०$^{0}$ भन्दा तल तापक्रम झर्ने गर्दछ । हिउँदमा हिउँ पर्ने हुँदा जाडो बढी हुन्छ । यी स्थानहरूमा भार्से लेक, रेसुङ्गा, मालिका आदि पर्दछन् ।

**२.२.४ नदीनालाहरू**

गुल्मी जिल्लामा प्रशस्त नदीनाला तथा खोलाहरू छन् । जिल्ला भित्रमात्र नभएर स्वदेश तथा विदेशमा समेत नामकमाएको कालीगण्डकी जस्तो पवित्र नदी यसै जिल्लामा पर्दछ । यसवाट कालीगण्डकी ए नेपालकै सबभन्दा ठूलो जलविद्युत् आयोजना समेत सम्पन्न भइसकेको छ । यस नदीलाई एक पवित्र तीर्थस्थलका रूपमा लिइदै आएकोछ । धार्मिक पुराणहरूमा समेत नाम उल्लेखित भएको कालीगण्डकीमा माघे संक्रान्तिमा विशेष मेला लाग्दछ । माघ महिना भरी नुहाउनेको घुइंचो लाग्ने गर्दछ ।

यस जिल्लामा अन्य नदीहरूमा बढीघाट, दामोदर खोला, छल्दी, पनाहा खोला, हुग्दी, निस्ती आदि प्रख्यात छन् । नदीहरूमा माछा मार्ने र माछा विक्रि गरेर आफ्नो जीविकोपार्जन गर्ने यहाँका केही मानिसहरू छन् ।

**२.२.५ बनजंगल**

गुल्मी जिल्ला वनजंगलका दृष्टिले अगाडि छ । यहाँको हावापानीमा विविधता भएकोले गर्दा जंगलमा विभिन्न किसिमका बोटविरुवा पाइन्छन । कृषि, पशुपालन र काष्ठ व्यापार नै यस जिल्लाको आर्थिक क्रियाकलापका आधारशीला हुन् । यी मध्ये कृषि, पशुपालनको आवश्यकता पूर्ति गर्ने मुख्य साधन बनजंगल नै हो । त्यसैले यहाँका बासिन्दासँग बनजंगलको घनिष्ट सम्बन्ध रहेको छ ।

यस जिल्लाको तल्लो भेगका जंगलमा साल, सल्ला, धार्ने, चिलाउनी, चिउरी, टुनी, शिरीष, काफल, तिजु जस्ता रुखहरूपाइन्छन् । यस प्रकारका रुखहरू विशेष गरी काठका काममा बढी प्रयोग

**निर्वाचन क्षेत्र नं १**

१) आँपचौर, २) अर्लाङकोट, ३) कुर्घा, ४) शान्तिपुर ५) तुराङ ६) विसुखर्क ७) डिब्रुङ ८) हर्राचौर, ९) हरेवा, १०) अस्लेवा, ११) भार्से, १२) हसरा, १३) रूपाकोट, १४) जुहाङ्ग, १५) जुनीया, १६) लिम्घा, १७) ठुलोलुम्पेक, १८) भुर्तुङ, १९) ग्वाघा, २०) अर्वेनी, २१) फोक्सीङ, २२) पूर्तिघात, २३) हर्मिचौर, २४) खड्गकोट, २५) जयखानी

**निर्वाचन क्षेत्र नं २**

१) तम्घास, २) अर्खले, ३) सिमीचौर, ४) दुवीचौर, ५) पराल्मी, ६) गौडाकोट ७) बडागाउँ ८) बलीथुम, ९) जुभुङ, १०) मुसीकोट, ११) दिगाम, १२) हुँगा, १३) ग्वादी, १४) रिमुवा, १५) पल्लिकोट, १६) रुरु, १७) थानपति, १८) वीरबास, १९) दौघा, २०) अमरअर्वाथोक, २१) दरवार देवीस्थान, २२) हर्दिनेटा, २३) खर्जाङ, २४) बलेटक्सास, २५) वामीटक्सार, २६) बम्घा

**निर्वाचन क्षेत्र नं ३**

१) दोहोली, २) वाग्ला, ३) घमिर, ४) पौदी अमराइ, ५) धुर्कोट, ६) पीपलधारा ७) बाँझकटेरी ८) अर्जे, ९) नेटा, १०) मर्भुङ, ११) भनभने, १२) नयाँगाउँ, १३) अर्खावाङ, १४) मलयागिरी, १५) अमरपुर, १६) दर्लिङ, १७) धुर्कोट, १८) जैसिथोक, १९) अग्लुङ, २०) ह्वांदी, २१) सिर्सेनी, २२) दर्लामचौर, २३) हस्तीचौर, २४) इस्मारजस्थल, २५) हाडहाडे, २६) पुर्कोटदह २७) म्यालपोखरी २८) छापहिले

**२.५ जनसंख्या**

गुल्मी जिल्ला पहाडी जिल्ला भए पनि यहाँको जनसंख्या बढिनै छ । वि.सं.२०५८ सालको जनगणनाअनुसार गुल्मी जिल्लाको जनसंख्या २९६६५४ रहेको छ । जस मध्ये नि.क्षे.न. १ मा ८४५३६, नि.क्षे.न. २ मा ११६६७४ र नि.क्षे.न. ३ मा ९५४४३ जना मानिसहरू वसोवास गर्दछन् । जनसंख्या विवरण यस प्रकार रहेको छ ।[८]

| जनसंख्या | २०५८ | २०४८ |
|---|---|---|
| घरधुरी | ५९१८९ | ५०५४४ |
| पुरुषको संख्या | १३३७७१ | १२०७९५ |
| महिलाको संख्या | १६२८८३ | १४५५३३ |
| कुल जनसंख्या | २९६६५४ | २६६३३१ |
| जनसंख्या वृद्धि दर | १.२८ | २.१ |
| ज.घ. प्रति वर्ग कि.मी. | २५८ | २१३ |

**२.६ शैक्षिक अवस्था**

गुल्मी जिल्लामा धेरै धरै पहिले देखिनै गुरुकुल शिक्षावाट शिक्षा आर्जन गर्ने प्रचलन भए पनि विधिवत रूपमा सर्वप्रथम वि.सं. १९५९मा रिडी संस्कृत पाठशालाको स्थापना पछि भएको पाइन्छ। त्यस पछि विस्तारै शिक्षा क्षेत्रमा बामे सर्न थालेको गुल्मी जिल्लामा हाल आएर ९८ पूर्व प्राथमिक ३८५ प्राथमिक, ६ नि.मा.वि., ८४ मा.वि. र १४ उच्च मा.वि. विद्यालय रहेका छन् । त्यस्तै ३ क्याम्पस र १ टेक्नीकल इन्टिच्युट रहेका छन् । गुल्मी जिल्लाको कुल साक्षरता प्रतिशत हर्दा महिला साक्षरता ५३% र पुरूप साक्षरता७८% देखिन्छ भने दलित साक्षरता प्रतिशत महिला २% र पुरुष

[८] **गुल्मी दर्पण** (गुल्मी जि.वि.स. कार्यालय वर्ष ४, अंक १, २०६०) पृ. ३२ ।

(४) कतिमा राम्रो डालीमा पिठो (मधेशी नुन भै, आहै)[२]

त्यो तिम्रो मुहार झल्किने रैछ पूर्नेको जुन झै, आहै पूर्ने को जुन झै

(लौ तो मा लौ लौ)[२] पूर्नेको ...............................................

(५) हेमाले माथिहे माले तल हे माले अन्तर, आहै हे माले अन्तर

आहै हे माले अन्तर ।

मलाई पनि सिकाइ देउ है मोहनी मन्तर ।

आहै ...................

(लौ तो मा लौ लौ)[२] .........................................................

(६) बावै र ज्युको गरी खेतमा (ढुकुर लुक्ने वीउ) आहै .........

मायाको हातमा दुईथुँगा फूल (एक थुँगा मलाई लिउ आहै .........

(७) असारै मास रोपाईको वेला -हरियो, भयो बीऊ) आहै .........

केला हो हजुर एक थुँगा मात्र सम्पूर्ण लौजाउ जीऊ, आहै ......

लौ तो मा लौ लौ ............................................

श्रोतः पुष्पा पन्थी भनभने-२

### ४.१.२ साउने गीत

साउनको महिनामा मकैको वारमि कोदो रोप्ने काम गरिन्छ । कोदोको मेलामा कोदो रोप्दै थकाइको अनुभूतिलाई विर्साउन र मन हल्का गराउन मेलो खन्ने ठिँगारे र कोदो रोप्ने खेतारी वीच दोहोरी गाउने गरेको पाइन्छ । यो गीत साउनमा मात्रै गाइन्छ । त्यसैले यसको नाम साउने रहन गएको हो । यो गीत गाउदा मादल, सनही, झ्यालीका साथमा केटा केटी वीच प्रतिष्पर्धा चल्छ । गाउनेलाई जोश आउछ भने सुन्नेलाई उमंग आउने हुँदा काम गर्दा थकाइको अनुभव पटक्कै हुदैन । यसरी यी गीतहरू गाउने क्रममा युवा युवती वीच माया-प्रीति वस्छ । यहाँ यस गीतको नमूना प्रस्तुत गरिएको छ ।

रेलै सलल, वग्ने पानीमा यो मायालाई देख्छु झलल

(१) यो मनमा पीरको भारी

पाइन मैले विसाउने चौपारी रेलै सलल............

(२) भाग्यले वैमान गऱ्यो नी,

यो ज्यानलाई जीवनभर रोइ हिड्न पऱ्यो नी रेलै ..........

(३) गहिरो भयो सम्झना मलाई

जाने छैन आगोले नजलाई रेलै .........

(४) पारी वनमा गएछ पहिरो

वाद्यवाधनका सामाग्रीका साथ नृत्य सहित गीत गाइन्छ । तीज सम्वन्धि गीत यहाँ प्रस्तुत गरिएको छ ।

१. घुम्दै फिर्दै आयो भन्छन् तीज पनि हरर,

जन्म दिने आमा छैनन् आँसु वरर ।

२. रात गयो रोएरै दिन पनि त्यहीगरी,

वाहिर देख्दा जे भएनी पीर छ मन भरी ।

३. धेरै दुःख पाइयो नी आमा पनि नहुँदा,

पिर छ नी मन भरी सौतेनी आमा आउदा ।

४. उमेरका बुवा मेरा अर्की आमा लिएको,

देख्दी हौली मेरी आमा दुःख दिएको ।

५. कुन दिनको पापले छोडी मलाइ गएथ्यौ,

साहारा नदिइ गयौ आमा किन पाएथ्यौ ।

६. रात दिन छिन छिनमा आमा भनि रुने हो,

आमा हाम्रो भेट अव कहिले हुने हो ।

७. बाँच्ने रहर छैन आमा सधै मन खिन्न भै,

छिट्टै आउनु आमा तिमी मलाइ लिन लाई ।

श्रोतः सिता परजुली वाग्ला ४

१. तम्घासको वजारमा मिनिवसको लयन,

न पढेकी छोरीको सुन बयान ।

२. छोरीलाई पढाउन दुःख भयो बावालाई,

काम गरे सुख हुने घरमा आमालाई ।

३. साथी साथी मिलिजुली पढ्ने लेख्ने बेलामा,

भुत्रो डोको वोकेर वेसी मेलामा ।

४. म सँगका साथी सँगी आइ.ए. वि.ए. गरदा,

खोली बग्यो म चेलीको आँसु भरदा ।

५. दुःख पायौ हामी चेली अशिक्षित हुँदामा,

आधा ज्यान सुकी सक्यो सम्भी रुदामा ।

६. किन आउछ चेलीलाई तिहार, दशै, तीज पनि,

किन बाँच्नु पर्दो होला सुकी ज्यान पनि ।

७. वस्न पनि नपाइने जन्मिएको घरमा,

कति दुखी जीवन यो सधै डरमा ।

८. डरै डरमा वसेर सधै दासी भएर,

हुन्न अव उठ चेली कम्मर कसेर ।

श्रोतः कल्पना कुवँर पुर्कोटदह - २

१. विहेको रातो सारी दिनुस वजै तीजलाई,

वरिलै भाइ आएको छ माइत जान्छु दुइ दिनलाई ।

२. लाउदिन रातो सारी यसै जान्छु माइती नी,

वरिलै आमा छोरा मिलि मलाई मार्ने किन नी ।

३. विहेमा दाइजो एक कौडी नी पाइएन,

वरिलै थांग्रे बाउकी छोरी अव हाम्लाई चाहिएन ।

४. धनकी लोभी रै छन् सासु पापी रैछन् श्रीमान,

वरिलै कस्तो हातको सिन्दुर पऱ्यो मेरो भगवान ।

५. समाउ आमा जगल्टामा छर मट्टितेल जीउ भरि,

वरिलै कोर्छु सलाइ मार्छु जलाइ ढिलो नगरी ।

६. कस्तो दिनमा आयौ भाइ तीजमा दिदी लिनलाई,

वरिलै दाइजो भन्ने कलंकले मार्ने भो मलाई ।

७. गोडा ढोग्छु ए भिनाजु नमार्नुस दिदीलाई,

वरिलै खेत वेचेर दाइजो दिनुस् भन्छु बावालाई ।

८.खेत वेचेर दाइजो दिएनी मलाइ माया गर्दैन,

वरिलै मेरालागि भात खाने खेत वेच्नु पर्दैन ।

९. हातमा घडी दश तोला सुन मोटर साइकल चाहिन्छ,

वरिलै अनि मात्र यो घरमा वस्न पाइन्छ ।

१०. भनि दिन्छन धेरै दाइदो देखाउछन् तमासा,

वरिलै गरीव जीउलाई जीउदै मार्ने कस्तो समस्या ।

११. मिल्यो भने दम्पत्तीमा कमाइइन्थ्यो सम्पत्ति,

वरिलै दाइजो खोज्ने लोभी पोइको के फिर्थ्यो र मति ।

१२. भै गो दिदी आसु पुछ आफ्नै जन्म घर जाउ,

देववर तपस्या जीति अखण्डये । जय ।५।

कनक कामिनी देवी सुन्दरी शिंह चढि चढि आइसे ।

हातमा त्रिशूल खड्ग धारिणी अशुर मारि निपातिनी

शिर मुकुट देवी केसोहे चस हुर्कार कालिका  कनक ।१।

हातमा सर्वाङ्ग वान जो लिए है देवी औतर धारिली,

दैत्य मारी झुण्ड माला गलेहि कंठ वधाइये । कनक ।२।

हातमा चवर घण्टा वाजे शिरहिसिन्दुर छ जिनी

खप्परु भरि भरि सधिर लिए है देवी भगवती माइये । कनक ।३।

श्रोतः वसन्त प्रसाद पन्थी हाडहाडे - १

### ४.२.३ सराएँ

नेपालीहरूको महान पर्व दशैं असत्य माथि सत्यको विजयको प्रतिकको रूपमा पनि हेरिन्छ । रामले रावण माथि विजय प्राप्त गरेको र देवी द्वारा शुम्भ, निशुम्भ, महिसासुर राक्षसलाई मारी सत्यको विजय उत्सव स्वरूप भनाइएको भनी धार्मिक आदर्शका साथ टाढा टाढा पुगेका आफन्तहरू घर फर्कने र एकै स्थानमा भेला भएर मनाइने पर्व दशै आफ्नै प्रकारको सामाजिक महत्त्वका साथ लिने  गरिन्छ । खास गरेर विजयादशमीको दिन टिका लगाइसके पछि पूर्णिमा सम्मको परक फरक स्थानमा पालै पालो देवीको कोटमा जम्मा भई वाजा झ्याली, सहनाइ वजाएर सराएँ खेल्ने गरिन्छ । प्राय गरेर पुरुषहरूले एकहातमा खुडा, तरवार, ढाल वा खुकुरी र एक हातमा रुमाल छोपी विभिन्न देवी देउराली पुकारेर वाजाको तालमा नाच्ने गरिन्छ । सराएँ नाच्दा गोल घेरा वनाएर मौलोलाई विचमा र विचमा मेला हेर्न आएका मानिसलाई राखी नाच्ने गरिन्छ । यस क्षेत्रमा महत्त्वपूर्ण मेलाका रूपमा लिने पनि गरिन्छ । सराएँ सम्वन्धि गीतको नमूना यस प्रकार छ ।

खेल भाइ हो, हो बाँचे आइसल, अख्यै

खड्गछत्र, शरण तिम्रो अख्वै

मालिकाका, मालिका देवी, रक्षे गरे

धुर्कोटैका, खड्ग छत्र, देवताले, रक्षे गरे

क्षमा राखे, सेवा तिम्रो, गर्छौं हामी

बाँचिम भने, अर्कोसाल, यिनै दिनमा, होला भेट

अर्घाकी, आलम देवी, रक्षे गरे

शरण तिम्रो, सेवा तिम्रो, गर्छौं हामी

हिमालका, धौलागिरी

सेवा तिम्रो, गर्छौं हामी, रक्षे गरे

कति जना दैछाके कस्तो ल्यायौ घर ।

पन्ध्र जना दैछाके दरिवारे घर,

खड्गारुको दाइजो राख सोलीमा

नरोइकन दुलाइ चढ  डोलीमा

पितलको शिरकोफूल कैसे गरी लाम,

नरोइकन डोलीमा के मजाले जाम ।

रोचेको दाइजो राख सोलीमा,

नरोइकन दुलाई चढ डोलीमा।

पितले टिकीया कसोरी लाम,

नरोइकन डोलीमा के मजाले जाम ।

पानी बोक्न सक्दिन झोरी खोलाको

शिरफूल कतिको तोलै तोलाको ।

हामरो भैया केटीको भोगी छ,

रातो डोली कालु गाई अगि छ ।

लगनको टोपरी गौदानको गाई, वाटामुनि वाटा माथि चरनी गाई

दान दिने बाबा आमा अँदली भर्ने भाई ।

### ४.३.३ खाँडो

खाँडो वीरता भाव को भाव अभिवृद्धि गर्न गाइने वीर गाथात्मक लोकअभिव्यक्ति हो । खाँडो गाउनुलाई खाँडो जगाउनु भनिन्छ । सुरुमा यो युद्ध क्षेत्रमा जाने वेलामा गाइन्थ्यो भने अहिले आएर विवाह हुँदा जग्गेमा गाउने चलन चल्दै आएको छ । विवाहको काम सकिने वेलामा दुलाह पक्षका एक व्यक्तिले आफ्ना कोखिलावाट खुकुरी निकालेको अभिनय गर्दै जोश जाँगरका साथ खाँडो जगाउने गर्दछ । यसरी के देखिन्छ भने केटा पक्षको शक्ति राम्रो छ । कसैले आक्रमण गनै सक्दैन । अर्को पक्ष हेर्दा नवविवाहित दम्पतिले आउँदा दिनमा आइपर्ने गतिरोधलाई सजिलै परास्त गरी आफ्नो लक्ष्यमा पुग्न सक्छन् भन्ने मान्यता राखिन्छ र अर्को मत अनुसार पहिले पहिले क्षत्रीहरूमा कन्या पक्षलाइ जितीकन्या अपहरण गर्ने वा अपहृत कन्यालाई शत्रुवाट जोगाएर लानु पर्ने र त्यसको निमित्त लडाईको पनि सम्भावना हुने हुनाले लडाइका लागि वीर जन्तीलाई तम्तयार रहन वीरतापूर्ण खाँडो जगाउने परम्परा बसेको हो भन्ने गरिन्छ ।

श्री ३ महाराजा सर जंगबहादुरको फौजले काशीका तीरम

मन्त्रीके खेलसे, मन्त्रीके बुझसे, चले लस्कर जी धन्ने धन्ने मन्त्री

रणके व्रश रत्नधीर शमसेर धर्म शरिर भक्तवीर के चले लस्करजी

धिपी धिपी आगो बल्यो हरे लालटिन होकि टुकी
मान्छे सानो भए पनि माया लाग्दो छु की [२] ।२।
थुनी थानी दुवालीता रे माछा मारीम् भुरा
तीनै भुरा वेची वेची तरुनीलाई चुरा [२] ।३।
फलामै को बनाइम् रे सानो सानो छिनु
यति ठुली भैचौ नानी क्यारी मैले चिनु [२] ।४।
रुखै भरि क्या राम्रा रे पाकेका वलौती
आज राती बोलाउने तिमी नै त हौ की [२] ।५।

श्रोतः खिम बहादुर खड्का, अर्जै-४

रसले नुगायो, रसले नुगायो, पाकी गयो सुन्तली गेडी रसले नुगायो [२] ।१।
रसले नुगायो, रसले नुगायो, पाकी गयो अमिलो गडी रसले नुगायो [२] ।२।
रसले नुगायो, रसले नुगायो, पाकी गयो जीमीर गेडी रसले नुगायो [२] ।३।
रसले नुगायो, रसले नुगायो, पाकी गयो कागती रसले नुगायो [२] ।४।
रसले नुगायो, रसले नुगायो, पाकी गयो मौषमी रसले नुगायो [२] ।५।
रसले नुगायो, रसले नुगायो, पाकी गयो जुनार रसले नुगायो [२] ।६।

श्रोतः हुम व. पाण्डेय, नयाँ गाउँ

### ४.४.८ चुड्का /रोइला

जहिले पनि र जहाँ पनि गाइन सक्ने रोइला/ चुड्का बाह्रमासे गीत अन्तर्गत अत्यन्तै प्रीयगीतका रूपमा रहेको छ । आँधीखोले भाका भनेर समेत चिनीने यो भाका ३ चरणका प्राय ६/७ अक्षरमा फैलिएको हुन्छ । यो गीतमा विशेष गरेर माया प्रेमको अभिव्यक्ति भएको पाइन्छ । व्रतवन्ध, सप्ताह, रुद्री न्वारन आदि समारोहमा गाइने भजन कीर्तनमा अनिवार्य रूपमा चुड्का समावेश गरेको पाइन्छ भने युवा युवती वीच दोहोरीको रूपमा समेत यो गीत अत्यन्त प्रचलित छ । यो गीतलाई गुल्मेली गीतको विशेषताको रूपमा पनि लिन सकिन्छ ।

केटा - मैले बोलाइरहेको सुनिनौ की बोलिनौ, बोलिनौ की सुनीनौ ।

केटी - भट्टी पसलैमा, धागो पाइन उनीन, गह्रै पर्‍यो सुनीन ।

केटा - बोलाउ बोलाउ लाग्यो, बोलाइ हाले मैले पनि, नरिसाउन कै पनि ।

केटी - त्यसै भन्छौ र पो, रुन्छ मन धर्केर, जाम जाम लाग्छ फर्केर ।

केटा - फूलको थुँगा टिपी, लाउला माया गासेर, हौला विदा हाँसेर ।

केटी - तल ढुंगे बारीमा, ढुंगामाथि विस्कुन छ, नजिस्काउन रिस उठ्छ ।

केटा -नजाउ पातन खोला, गाईको बाच्छी डोर्‍याउदै,मायालु लाई बोलाउँदै ।

डरकर नमानी कसैको
लाउ माया रसिलो
मादलुको तानाझैं कसिलो
उकाली ज्यानको चिप्लेटी ढुङ्गा
चरीले टेकेछ
तिमी र हामीलाई माया र लाउन
भावीले लेखेछ ॥

यसरी त्यस क्षेत्रको सामाजिक जनजीवनलाई त्यहाँ प्रचलित लोकगीतमा चित्रण गरिएको पाइन्छ ।

**५.१.३ नारीजीवनको चित्रण**

हाम्रो समाज पुरुषप्रधान समाज भएको हुनाले नारीलाई दबाएर राख्ने चलन छ । शहर वा शिक्षित समाजमा नारीहरू हकहितका लागि अगाडि बढेर संघर्ष गरेको पाइन्छ तर ग्रामीण समाजमा भने नारीलाई दोस्रो दर्जाको नागरिकका रूपमा लिने र पुरुषले अधीनमा राख्ने प्रचलन रहेको पाइन्छ । पुरुष प्रधान समाजको कारणले नारीहरूको जीवन वेदनामय एवं स्तन्त्रता विहीन छ । जन्मदै छोरा जन्मिए बाबुको सम्पतिमा हक लाग्ने तर छोरी जन्मिए गाई जस्तै दानदिने बस्तुको रूपमा लिने हुनाले यो छोरी माथिको अन्याय हो तर पनि समाज यही वाटोमा छ । माइतीमा जस्तै घरमा पनि नारीहरूलाई हेलाको दृष्टिले हेर्ने गरिन्छ । यसरी कहींवाट पनि सहानुभूति प्राप्त गर्न नसक्दा नारीहरूको मन विरहको दहमा डुब्दछ र व्याकुल बन्दछन् । यिनै परिवेशमा छुटेका विरहहरू गीतको छालले अवचेतनको वाटो हुदै बाहिर आउने गर्दछन् । उदाहरणको रूपमा केही गीतहरू हेर्न सकिन्छ :

तम्घासको बजारमा मिनी बसको लइन
नपढेकी छोरीको सुन बयान ।
छोरीलाइ पढाउन दुख भयो बाबालाई
काम गरिदिए सुख हुनी आमालाई
दुख पायौं हामी चेली अशिक्षित हुँदामा
आधा ज्यान सुकि सक्यो सम्झी रुदामा ।

गुरुरुरु पहिरो गयो बारीमाको पुछार
आइज काल लैजा मला होला उद्धार ।
ससुराला होलावरै बनका काँडा फाँडे झैं
सासुला होला वरै विहा गरे झैं

चोखो फूलमा चुमेसी कसैले
कुरा काट्ने ठाउ पाए सवैले
दिदाखेरी पराइलाइ बन्दकी
दोधारैमा वित्ने भो जीन्दगी

दश भाइ छोरा पनि यहि घरमा अटाउनी

